हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः ५ सङ्ख्याः २ मितिः २०७८।०३।२७

## हेटौंडा उपमहानगरपालिकागैरसरकारी संघ संस्थाको परियोजना स्वीकृति, संचालन र समन्वय सम्बन्धी निर्देशिका, २०७८

**प्रस्तावना:**

राष्ट्रिय तथा अन्तर्राष्ट्रियगैर नाफामूलक सामाजिक संघ संस्थाहरु (सामाजिक संघ संस्था दर्ता ऐन, २०३४ अनुसार जिल्लामा दर्ता भएका तथा समाजकल्याण परिषद्मा आवद्ध भएका सामाजिक संघ संस्थाहरु) लाई उपमहानगरपालिकाको विकास सहयोगी तथा साझेदार संस्थाको रुपमा थप सुदृढ एवं संस्थागत रुपमा स्थापित गर्दै सामाजिक संघ संस्थाहरुलाई समन्वय प्रोत्साहन सहजीकरणका साथै नियमित नियमन प्रणाली स्थापना गरी कार्यक्रमहरुमा दोहोरोपना समेतलाई निरुत्साहन गर्न र नगरको उद्देश्य, लक्ष्य, नीति र प्राथमिकता बमोजिम गैर सरकारी संघ संस्थाहरुको कार्यक्रमहरु मूलप्रवाहीकरण गर्न आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २५ मा व्यवस्था भए बमोजिमको प्रयोजनका लागि सोही ऐनको परिच्छेद १५ को दफा १०२ अनुसार यो निर्देशिका तर्जुमा गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस निर्देशिकाको नाम "हेटौंडा उपमहानगरपालिका गैरसरकारी संघ संस्थाको परियोजना स्वीकृति, संचालन र समन्वय सम्वन्धी निर्देशिका २०७८" रहनेछ।

(ख) यो निर्देशिका नगर कार्यपालिकाबाट पारित भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाईसम्झनुपर्दछ ।

(ख) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनुपर्दछ ।

(ग) "गैर सरकारी संघ संस्था" भन्नाले मुनाफाको उद्देश्य नराखी सामाजिक हित गर्ने हेतुलेप्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई संचालन भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक संघ संस्थालाई सम्झनुपर्दछ।

(घ) "परियोजना" भन्नाले गैर सरकारी संघ संस्थाले दाताको सहयोग तथा आफ्नै स्रोतबाट संचालन गर्ने योजना तथा कार्यक्रमलाई सम्झनुपर्दछ ।

**३. निर्देशिकाको उद्देश्यः** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) गैर सरकारी संघ संस्थाहरुलाई परियोजना सम्झौता तयार गर्दा मार्गदर्शन दिने ।

(ख) गैर सरकारी संघ संस्थाहरुद्वारा संचालित परियोजना अन्तर्गतका चरणहरुलाई समन्वयात्मक एवं नीतिगत तादम्यता र सहभागितामूलक मर्यादित, व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउने ।

(ग) गैर सरकारी संघ संस्थाबाट संचालन हुने कार्यक्रमलाई उपमहानगरपालिकाको प्राथमिकताको क्षेत्रतर्फ निर्दिष्ट गर्ने।

(घ) गैर सरकारी संघ संस्थाको योगदान र श्रोतलाई लक्षित वर्ग, तह र क्षेत्रसम्म पुर्याउने ।

(ङ) गैर सरकारी संघ संस्थाको परियोजनालाई अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमहरुमा दोहोरोपन समेतलाई निरुत्साहित गर्ने।

(च) उपमहानगरपालिकाको विकासमा सहकार्य गरी गैर सरकारी संघ संस्थाहरुलाई विकास साझेदारसंस्थाको रुपमा विकसित गर्ने ।

**<u>परिच्छेद २</u>**

**गैर सरकारी संस्थाको परियोजना सम्बन्धी व्यवस्था**

**४. परियोजना तर्जुमा प्रक्रियाः** गैर सरकारी संघ संस्थाले परियोजना तयार गर्दा निम्न बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्दछ:

(क) उपमहानगरपालिकाको दृष्टिकोण, नीति र प्राथमिकताका आधारमा लाभान्वित वर्ग र विकासका क्षेत्रहरुको परियोजना छनौट गर्नुपर्नेछ ।

(ख) आवश्यकता पहिचान प्रतिवेदन तथा आधारभूत सर्वेक्षण गर्दा प्रस्तावित लाभान्वित वर्ग स्थानीय सरोकारवाला र उपमहानगरपालिकासँग परामर्श छलफल गरी सोको आधारमा परियोजनातर्जुमा गर्नुपर्नेछ।

(ग) अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाले परियोजनाको प्रभाव, असर, प्रतिफल, क्रियाकलाप,स्रोत र साधनबीच तार्किक सह-योजन देखाउनुपर्नेछ।

**५. परियोजनाको पूर्व स्वीकृति वा सहमतिः** गैर सरकारी संघ संस्थालाई परियोजना तयार गर्नेसन्दर्भमा पूर्व स्वीकृति वा सहमति आवश्यक परेमा देहाय बमोजिम गर्नुपर्दछः

(क) परियोजनाको प्रस्ताव दाताहरु समक्ष पेश गर्ने बखत पूर्व सहमति आवश्यक भएमा गैरसरकारी संघ संस्थालेउपमहानगरपालिका समक्ष आवश्यक कागजातहरु सहित निवेदन पेशगर्नुपर्नेछ ।

(ख) उपमहानगरपालिकाले उक्त परियोजना उपयुक्त लागेमा परियोजना संचालनका लागि पूर्वसहमति पत्र दिन सक्नेछ।

स्पष्टीकरणः त्यस्तो सहमतिको लागि बार्षिक २० (बीस) लाख बजेट सम्मको परियोजनामा उक्त परियोजनाको औचित्यता हेरी नगर प्रमुखले स्वीकृत गर्न सक्नेछ।२० (बीस) लाख भन्दा बढी बजेटको परियोजनाको सहमति वा पूर्व सहमति नगर परियोजना परामर्शसमितिको बैठकको निर्णयानुसार हुनेछ ।

नेपाल राजपत्र

**६. परियोजनाको कार्यान्वयनः** गैर सरकारी संघ संस्थाले परियोजनाको कार्यान्वयनको लागि देहायबमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछः

(क) गैर सरकारी संघ संस्थाले परियोजनाको स्वीकृत कार्यक्रम, बजेट तथा सम्झौता पत्रसहितको दस्तावेज नगरपरियोजना परामर्श समिति (Municipality Project Advisory committee, MPAC)समक्ष पेशगर्नुपर्नेछ ।

(ख) नगर परियोजना परामर्श समितिले स्वीकृतिका लागि पेश गरिएकोयोजना/कार्यक्रममा आवश्यक सल्लाह सुझाव सहित परियोजना कार्यान्वयनका लागि स्वीकृति दिनेछ।तर पूर्व सहमति नलिएको हकमा आवश्यक सल्लाह सुझाव सहित परियोजना कार्यान्वयनका लागि स्वीकृति दिन वा नदिन पनि सक्नेछ ।

(ग) गैर सरकारी संघ संस्थाले स्वीकृत परियोजनाको विस्तृत क्रियाकलापहरु र बजेट अनुसूची–१ बमोजिमको ढाँचामा उपमहानगरपालिकामा पेश गरी उपमहानगरपालिकाको वार्षिकतथा आवधिक योजनमा समावेश गर्नुपर्नेछ ।

(घ) गैर सरकारी संघ संस्थाले परियोजना कार्यान्वयन चरणमा उपमहानगरपालिकासँग समन्वयगर्नुपर्नेछ ।

**७. परियोजनाको अनुगमन तथा मूल्याङ्कनः** गैर सरकारी संघ संस्थाले परियोजना अनुगमन तथामूल्याङ्कन गर्दा देहाय बमोजिम प्रक्रिया अवलम्वन गर्नुपर्दछः

(क) परियोजना कार्यान्वयनको क्रममाउपमहानगरपालिका सहितको संयुक्त अनुगमन गर्नु / गराउनुपर्नेछ ।

(ख)परियोजनाको अनुगमनकर्ताले अनुगमनको प्रतिवेदन अनुसूची–२ बमोजिमको ढाँचामाउपमहानगरपालिकामा पेश गर्नुपर्नेछ ।

(ग) गैर सरकारी संघ संस्थाले संचालन गरेको परियोजनाको लक्ष्य र उद्देश्य बमोजिमकार्यान्वयन सन्तोषजनकनदेखिएमा उपमहानगरपालिकाले आवश्यक सुधारका लागि निर्देशनदिनेछ।निर्देशन बमोजिम सुधार नगरेमा परियोजना कार्यान्वयनमा रोक लगाउनसक्नेछ ।

**८. परियोजनाको प्रतिवेदनः** गैर सरकारी संघ संस्थाले परियोजनाकोप्रतिवेदन उपमहानगरपालिकासमक्ष पेश गर्नुपर्नेछ।

(क) गैर सरकारी संघ संस्थाले परियोजनाको वित्तीय तथा भौतिक प्रगति प्रतिवेदन अनुसूची-३ अनुसार ढाँचामा चौमासिक र वार्षिक रुपमा उपमहानगरपालिकामा पेश गर्नुपर्नेछ ।

(ख) गैर सरकारी संघ संस्थाले प्रतिवेदन देहायको मितिमा उपमहानगरपालिका समक्ष बुझाउनुपर्नेछः

अ. पहिलो चौमासिक प्रतिवेदनः मार्ग १५ गते भित्र ।

आ. दोस्रो चौमासिक प्रतिवेदनः चैत्र १५ गते भित्र ।

इ. तेस्रो चौमासिक प्रतिवेदनः श्रावण १५ गते भित्र ।

ई. वार्षिक प्रतिवेदनः आर्थिक वर्ष समाप्त भएको ३० दिन भित्र ।

यसका अतिरिक्त उपमहानगरपालिकाले मागेको बखत जुनसुकै बेलामा वित्तीय तथाभौतिक प्रगति प्रतिवेदन दिनुपर्दछ ।

**९. गैर सरकारी संघ संस्थाको योग्यताः** परियोजना संचालनको लागि गैर सरकारी संघ संस्थाकोन्यूनतम योग्यता देहाय बमोजिम हुनुपर्नेछः

(क) मुनाफा नकमाउने गैर राजनैतिक र सामाजिक संस्थाको रुपमा प्रचलित कानून बमोजिमदर्ता भएको संस्था।

(ख) प्रत्येक वर्ष नियमित रुपमा नवीकरण भएको ।

(ग) सम्बन्धित निकायमा आवद्ध भइ नियमित प्रगति प्रतिवेदन बुझाएको ।

(घ) प्रत्येक वर्ष नियमित रुपमा लेखा परीक्षण गराई प्रतिवेदन सम्बन्धित निकायमा नियमितरुपमा पेश गरेको।

(ङ) स्थायी लेखा नम्बर प्राप्त गरेको ।

(च)अन्य प्रचलित कानूनको परिपालन गरेको ।

## परिच्छेद ३

## नगर परियोजना परामर्श समिति सम्वन्धी व्यवस्था

**१०.** नगर परियोजना परामर्श समितिः(१) गैर सरकारी संघ संस्थाहरुको परियोजना स्वीकृति अनुगमनमूल्याङ्कन र समन्वयको लागि उपमहानगरपालिका स्तरीय देहाय बमोजिमकोएक नगर परियोजना परामर्श समिति रहनेछः

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर उपप्रमुख | सहसंयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सामाजिक विकास समितिका संयोजक | सदस्य |
| सामाजिक विकास महाशाखा प्रमुख | सदस्य सचिव |

(२) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञ तथा सम्वन्धित कार्यालयका कार्यालय प्रमुख/प्रतिनिधि,संघ संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको बैठकमा परियोजनासँग सम्बन्धित उपमहानगरपालिकाका विषयगत शाखा/महाशाखाको प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ।

(४) नगर परियोजना परामर्श समितिकोबैठक आवश्यकता अनुसार बस्नेछ ।

(५) नगर परियोजना परामर्श समितिको बैठक सम्वन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

**११.समितिको काम, कर्तव्य र अधिकारः**नगर परियोजना परामर्श समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) गैर सरकारी संस्थाहरुको परियोजना तर्जुमा प्रक्रियामा आवश्यक सल्लाह सुझाब एवंपरामर्श दिने।

(ख)गैर सरकारी संस्थाको परियोजना र आयोजनाको पूर्व सहमति वा कार्यान्वयनको लागि स्वीकृति दिने ।

(ग)पूर्व स्वीकृति वा सहमति दिनको लागि कार्यक्रमको मापदण्ड तयार गर्ने ।

(घ)गैर सरकारी संस्थाहरुको क्षमता विकास, आर्थिक तथा प्राविधिक सहायता उपलब्ध गराउने सम्वन्धमा परामर्शदिने।

(ङ) गैर सरकारी संस्था परियोजनाका अनुगमन र मूल्याङ्कन सूचक निर्धारण गर्ने ।

## परिच्छेद ४

## विविध

**१२.सम्पर्क शाखाः** गैर सरकारी संघ संस्थाको सम्पर्कको लागि हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाकार्यालयकोसामाजिक विकास महाशाखा सम्पर्क शाखाको रुपमा रहनेछ ।

**१३. अनुगमन तथा बैठक खर्चः**गैर सरकारी संघ संस्थाले संचालन गरेको परियोजना तथा कार्यक्रम अनुगमन/ निरीक्षण गराउँदा वा सो सम्बन्धी MPAC बैठक संचालन गर्दाको खर्च सम्बन्धित गैर सरकारी संस्थाले व्यहोर्नुपर्नेछ ।

**१४. कानूनको पालनाः** गैर सरकारी संघ संस्थाले अन्य प्रचलित नियम कानूनको पालना गर्नुपर्नेछ ।

**१५. निर्देशिकाको पालनाः** गैर सरकारी संघ संस्थाले परियोजना तर्जुमा एवं कार्यान्वयन गर्दानिर्देशिकाकोपालनागर्नुपर्नेछ।

**१६. कार्यान्वयनमा रोकः** कुनै गैर सरकारी संघ संस्थाले यस निर्देशिका विपरीत काम कारवाहीगरेको पाएमाउपमहानगरपालिकाले त्यस्तो काम कारवाहीमा रोक लगाउन सक्नेछ ।

**१७. निर्देशिकाको व्याख्याः**- यो निर्देशिकाको व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ।

**१८. थपघट तथा हेरफेरः** आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी कार्यपालिकाले प्रचलितकानूनसँग नबाझिने गरी यस निर्देशिकामा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

हेटौंडा राजपत्र

**अनुसूची १**
**दफा ६ ग संग सम्बन्धित**
**परियोजना विस्तृत क्रियाकलाप र बजेट ढाँचा**

गैर सरकारी संस्थाको संक्षिप्त परिचयः

............... ...........................................................................................................

परियोजनाको पृष्ठभूमीः

.........................................................................................................

परियोजनाको सोच, लक्ष्य र उद्देश्यः

............... ...........................................................................................................

परियोजना अन्तरगतका कार्यक्रमहरुः

............... ...........................................................................................................

............... ...........................................................................................................

लक्षित वर्ग तथा समूहः

............... ...........................................................................................................

............... ...........................................................................................................

कार्यक्रम संचालन हुने स्थान र समयावधिः

............... ...........................................................................................................

............... ...........................................................................................................

कार्यक्रम संचालन प्रक्रिया र कार्यविधि (Methodology)

............... ...........................................................................................................

............... ...........................................................................................................

कार्यक्रम कार्ययोजनाः

............... ...........................................................................................................

............... ...........................................................................................................

बजेट व्यवस्थापनः

............... ...........................................................................................................

............... ...........................................................................................................

कार्यक्रम अनुगमन मूल्याङ्कन सूचकः

............... ...........................................................................................................

जनशक्तिको अबस्था

............... ...........................................................................................................

नेपाल राजपत्र

## अनुसूची २
## दफा ७ ख संग सम्बन्धित
## अनुगमन प्रतिवेदन ढाँचा

अनुगमन आधार र पृष्ठभूमीः

............... ..........................................................................................................................

............... ..........................................................................................................................

अनुगमन गरिने विषयहरु र अनुगमन सूचकः

............... ..........................................................................................................................

............... ..........................................................................................................................

उद्देश्यः

............... ..........................................................................................................................

............... ..........................................................................................................................

अनुगमनमा सहभागी टोलीः

............... ..........................................................................................................................

............... ..........................................................................................................................

अनुगमन गरिएको गैर सरकारी संस्था, स्थान र परियोजनाः

............... ..........................................................................................................................

............... ..........................................................................................................................

परियोजनाका सबल र दुर्बल पक्षः

क) सबल पक्ष

............... ..........................................................................................................................

............... ..........................................................................................................................

ख) दुर्बल पक्ष

............... ..........................................................................................................................

............... ..........................................................................................................................

निष्कर्ष र सुझावः

प्रतिवेदक

हेटौंडा राजपत्र

## अनुसूची ३

**दफा ८क संग सम्बन्धित**

**प्रगति प्रतिवेदन ढाँचा**

पृष्ठभूमीः

............... ..................................................................................................................

............... ..................................................................................................................

कार्यक्रमको लक्ष्य तथा उद्देश्यः

............... ..................................................................................................................

............... ..................................................................................................................

कार्यक्रमको लक्षित समूहः

............... ..................................................................................................................

............... ..................................................................................................................

कार्यक्रम तथा परियोजना संचालन प्रक्रिया र कार्यविधि (Methodology):

............... ..................................................................................................................

............... ..................................................................................................................

वित्तीय तथा भौतिक प्रगतिको संक्षिप्त विवरणः

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरु | इकाई | लक्ष्य | भौतिकप्रगति | वित्तीय प्रगति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

कार्यक्रमको मूख्य उपलब्धीहरुः

............... ..................................................................................................................

............... ..................................................................................................................

कार्यक्रमको प्रभाव मूल्याङ्कनः

............... ..................................................................................................................

............... ..................................................................................................................

प्रतिवेदक संस्था

**प्रमुख प्रशासकीय अधिकृत**
**शिवराज चौलागाई**
**हेटौंडा उपमहानगरपालिका**

**प्रमाणीकरण मितिः-२०७८/०३/२७ गते**